www.ctevtsolution.com

लोक सेवा आयोग

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, प्राविधिक तथा प्रशिक्षण, अधिकृत द्वितीय, वरिष्ठ प्रशिक्षक पदको आन्तरिक तथा खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८३।०३।०३

**KEY [B]**

पत्र : प्रथम
समय : २ घण्टा १५ मिनेट

पूर्णाङ्क : १००

## विषय : प्रशासन र व्यवस्थापन तथा सेवा सम्बन्धी

> उत्तरपुस्तिकामा प्रश्नपत्रको KEY अनिवार्य रूपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षामा calculator, mobile प्रयोग गर्न पाइनेछैन ।

### वस्तुगत

समयः ४५ मिनेट

वस्तुगत बहुउत्तर

अङ्क : ५०×१=५०

1. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्अन्तर्गत TVET को पाठ्यक्रम निर्माणको पहिलो चरण कुन हो?
   A) दक्षता मापदण्ड संकलन वा तयार गर्ने
   B) पाठ्यक्रमको संरचना तयार गर्ने
   C) पाठ्यक्रम बनाउने विज्ञको सूची बनाउने
   D) पठनपाठन विधि निर्धारण गर्ने
2. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्अन्तर्गत सञ्चालित तालीमको सन्दर्भमा 'अनुभव→चिन्तन→अवधारणा→प्रयोग' को चक्र तालीमको कुन ढाँचासँग सम्बन्धित रहेको छ?
   A) क्षमतामा आधारित ढाँचा
   B) प्रयोगात्मक सिकाइ ढाँचा
   C) शिक्षण प्रणाली ढाँचा
   D) योजनाबद्ध शिक्षण ढाँचा
3. कुनै तालीम प्रदायक संस्थाले सहभागी प्रशिक्षार्थीहरूलाई इलेक्ट्रिसियन, वेल्डिङ, प्लम्बिङ, मेसन जस्ता कार्यहरू सहित सञ्चार सीप विकास गर्नका लागि प्रशिक्षण दिइरहेको छ । यस किसिमको प्रशिक्षणलाई के भनिन्छ?
   A) उद्यमशीलता तालीम र क्षमता विकास
   B) वैदेशिक रोजगारी तालीम र त्यहाँको मुलुकबारे जानकारी
   C) सीप विकास तालीम र नरम सीप विकास
   D) रोजगारी तयारी तालीम र व्यक्तित्व विकास
4. निम्नमध्ये कुन भनाइ वयस्क सिकाइको सिद्धान्तसँग सम्बन्धित रहेको छ?
   A) वयस्कहरू बाह्य उत्प्रेरणाद्वारा प्रभावित हुन्छन्
   B) वयस्कहरूको सिकाइ तत्परता वास्तविक आवश्यकतामा आधारित हुन्छ
   C) वयस्क सिकाइ विषय केन्द्रित हुन्छ
   D) वयस्कहरूको सिकाइ सहजकर्ताद्वारा निर्देशित हुन्छ
5. कार्यस्थलमा आधारित सिकाइ (Workplace Based Learning) भन्नाले के बुझिन्छ?
   A) कार्यगत तालीम (On The Job Training)
   B) औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship)
   C) शिक्षालयको कार्यशालामा हुने सिकाइ
   D) A र B दुबै
6. TVET को क्षेत्रमा Complex Psychomotor Skills सिकाउने उत्तम विधि कुन हो?
   A) Lecturing
   B) Demonstration
   C) Brainstorming
   D) Exposure Visits

www.ctevtsolution.com

CamScanner

www.ctevtsolution.com

7. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्अन्तर्गत सञ्चालित शैक्षिक कार्यक्रमको निम्नमध्ये कुन कथनले मापनलाई जनाउँछ?
   A) मापन भनेको गुणात्मक पक्षको आकल्प हो
   B) मापन भनेको गुणलाई अंकमा बदल्ने कार्य हो
   C) मापन भनेको लक्ष्य र उपलब्धिको तुलनात्मक लेखाजोखा हो
   D) मापन भनेको मूर्त गुणलाई अमूर्त बनाउने कार्य हो
8. TVET मा Formative Assessment भन्नाले के बुझाउँछ?
   A) मूल्यांकनको अन्तिम ग्रेड
   B) विद्यार्थीको सम्पादनको अन्तिम स्तर
   C) नियमित अनुगमन र सुझाव
   D) सैद्धान्तिक परीक्षाको नतिजा
9. तल दिइएका कथनहरू मध्ये कुन कथनले मानकमा आधारित परीक्षणलाई बुझाउँछ?
   A) प्रशिक्षार्थीको उपलब्धिलाई कक्षाका सम्पूर्ण प्रशिक्षार्थीहरूको उपलब्धिसँग तुलना गर्नु
   B) प्रशिक्षार्थीहरूको उपलब्धिलाई पूर्वनिर्धारित मापदण्डका आधारमा व्याख्या गर्नु
   C) प्रशिक्षार्थीहरूको उपलब्धिलाई पाठ्यक्रमले निर्धारण गरेको उद्देश्यका आधारमा व्याख्या गर्नु
   D) प्रशिक्षार्थीको उपलब्धिलाई उसको अन्य विषयसँगको उपलब्धिसँग तुलना गर्नु
10. TVET को सन्दर्भमा परीक्षणको विश्वसनीयता भन्नाले के बुझिन्छ?
    A) जे कुराको मापन गर्ने हो, त्यसकै मापन भएको
    B) परीक्षण गर्ने साधनमा हुने त्रुटीहरू न्यूनीकरण भएको
    C) परीक्षण गर्नुपर्ने सबै पक्षहरू परीक्षणमा समावेश भएको
    D) एउटै साधनले बारम्बार मापन गर्दा आउने समान परिणाम
11. निम्नमध्ये कुन निर्णयात्मक मूल्यांकनको कार्यसँग सम्बन्धित छ?
    A) शिक्षालय
    B) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को कार्यालय
    C) प्रशिक्षक
    D) प्राचार्य
12. निम्नमध्ये कुन तथ्यांकशास्त्रीय विश्लेषणले प्राप्ताङ्कको विचरणशीलताको आँकलन गर्दछ?
    A) औषत
    B) मध्यिका
    C) प्रामाणिक विचलन
    D) सहसम्बन्धको मापन
13. निम्नमध्ये कुन वैधतालाई पाठ्यक्रमीय वैधता भनिन्छ?
    A) विषयगत वैधता
    B) समवर्ति वैधता
    C) भविष्यवाणीमा आधारित वैधता
    D) रचनात्मक वैधता
14. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीममा गुणस्तरको मुख्य मानक देहायका मध्ये कुनलाई मानिन्छ?
    A) पूर्वाधार, भवन र शैक्षिक सामग्री
    B) तालीम प्रशिक्षक र सीप
    C) बजारको माग र उत्पादनको सान्दर्भिकता
    D) पाठ्यक्रम र तालीम अवधि
15. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सीप वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण विनियमावली, २०४९ अनुसार सीप तह चार (उच्चस्तर सीपमा दक्ष) भनेर कुनलाई जनाउँछ?
    A) प्राविधिकहरूले पेशागत सीप तथा प्राविधिक ज्ञानलाई प्रविधिमा रूपान्तरण गरी कार्य क्षेत्रमा उतार्न सक्ने, निर्देशन तथा नेतृत्व दिने, सुपरिवेक्षण गर्ने तथा विभिन्न समूहगत कार्यहरूको संयोजन गर्ने
    B) प्राविधिकहरूसँग उच्च एवम् फराकिलो दायराको सीप हुने तथा आफ्नो कार्यसम्पादन गर्ने सन्दर्भमा उठेका समस्याहरू समाधान गर्ने, आवश्यक निर्णयहरू लिन सक्ने र आफू मातहतका प्राविधिकहरूलाई निर्देशन तथा सरसल्लाह दिन सक्ने
    C) प्राविधिकहरूले प्रयोगात्मक कार्यहरू तोकिएको स्तरमा दक्षताका साथ सम्पन्न गर्न सक्ने, प्राविधिकहरूको निर्णय गर्ने क्षमता तथा सैद्धान्तिक ज्ञान कार्यतालिकामा उल्लेख गरिएबमोजिम सीमित हुने
    D) प्राविधिकहरूसँग सीमित तर उपयोगी सीप हुने, प्राविधिकहरूले आफूभन्दा माथिका प्राविधिकहरूको प्रत्यक्ष सुपरिवेक्षण तथा निर्देशनमा रही आफूलाई सुम्पिएका कामहरू गर्ने

www.ctevtsolution.com

www.ctevtsolution.com



Ctevtsolution.com

16. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमका लागि गुणस्तरीय प्रशिक्षक छान्ने सबैभन्दा उपयुक्त छनोट विधि कुन हो?
   A) विषयवस्तुको ज्ञानसम्बन्धी लिखित परीक्षा लिने
   B) प्रविधिको ज्ञान परीक्षण गर्ने
   C) कक्षाकोठामा लघुशिक्षणका माध्यमबाट प्रयोगात्मक शिक्षण गर्न लगाउने
   D) उम्मेदवारका शैक्षिक प्रमाणपत्र रूजु गर्ने
17. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीममा प्रत्यायन (Accreditation) भनेको के हो?
   A) गुणस्तर मापदण्ड पूरा गरेको संस्थालाई आधिकारिक मान्यता दिनु
   B) शिक्षक र विद्यार्थी भर्ना प्रक्रियालाई व्यवस्थित गर्नु
   C) परीक्षा प्रणालीमा सुधारका लागि योजना बनाउनु
   D) शिक्षा र तालीम सञ्चालन प्रक्रियालाई व्यवस्थित बनाउनु
18. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले औद्योगिक प्रशिक्षार्थी तालीम (एप्रेन्टिससीप) लाई सञ्चालन एवम् नियमन गर्ने कार्यविधि कहिले स्वीकृत गरेको हो?
   A) वि.सं. २०७४   B) वि.सं. २०७५   C) वि.सं. २०७६   D) वि.सं. २०७७
19. राष्ट्रिय शिक्षा नीति, २०७६ को दूरदृष्टि कुन हो?
   A) शिक्षित, स्वस्थ र सक्षम जनशक्ति, सामाजिक न्याय, रूपान्तरण र समृद्धि
   B) शिक्षित, सभ्य र सक्षम जनशक्ति, सामाजिक न्याय, रूपान्तरण र समृद्धि
   C) शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति, सामाजिक न्याय, रूपान्तरण र समृद्धि
   D) शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति, सामाजिक न्याय र समृद्धि
20. शैक्षिक व्यवस्थापनको मूल कार्यभित्र तलका मध्ये कुन पर्दैन?
   A) स्रोतको अधिकतम उपयोग गर्ने
   B) शिक्षण सिकाइमा गुणस्तर सुधार गर्ने
   C) संस्थाको लक्ष्य प्राप्तिका लागि प्रभावकारी भूमिका खेल्ने
   D) शिक्षकहरू बिच प्रतिस्पर्धाको भावना विकास गर्ने
21. प्राविधिक तथा व्यावसायिक शिक्षा व्यवस्थापनमा मानव संसाधन व्यवस्थापन कुन उद्देश्यका लागि गरिन्छ?
   A) संस्थाको आर्थिक व्यवस्थापन मजबुत बनाउन   B) शिक्षक तथा कर्मचारीको खटनपटन मिलाउन
   C) दक्ष जनशक्ति विकास र परिचालन गर्न   D) संस्थाको भौतिक पूर्वाधार विकास गर्न
22. नेपालको विद्यालय शिक्षाको पाठ्यक्रम निर्माणको मुख्य जिम्मेवारी र उत्तरदायित्व कसमा निहित रहेको छ?
   A) स्थानीय तह   B) प्रदेश सरकार
   C) संघीय सरकार   D) संघीय सरकार र प्रदेश सरकार
23. औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship Training) लाई व्यवस्थित र प्रभावकारी बनाउन गठित औद्योगिक प्रशिक्षार्थी तालीम समितिको अध्यक्ष को हुने व्यवस्था छ?
   A) शिक्षा तथा खेलकुद सचिव   B) सिटीइभिटी अध्यक्ष
   C) सिटीइभिटी सदस्य सचिव   D) सिटीइभिटी उपाध्यक्ष
24. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना कुन उद्देश्य प्राप्तिका लागि भएको हो?
   A) तालीम दिने निकायहरू बिच समन्वय कायम गर्ने
   B) व्यावसायिक तालीमको पाठ्यक्रम स्तरीकरण गर्ने
   C) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम कार्यक्रमको पठनपाठनमा एकरूपता ल्याउने
   D) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमसँग सम्बन्धित परीक्षामा सामञ्जस्य कायम गर्ने
25. What kind of learning style is it where one learns by doing, touching or through experience?
   A) Audio Visual Style   B) Kinesthetic Learning Style
   C) Pictorial Style   D) Linguistic Style

क्रमशः

www.ctevtsolution.com

www.ctevtsolution.com



26. Bloom's Taxonomy को प्रमुख उद्देश्यमा तलका मध्ये कुन पर्दछ?
   A) सिकाइको स्तर वर्गीकरण गर्नु
   B) सैद्धान्तिक परीक्षा सञ्चालन गर्नु
   C) शिक्षण कार्यमा सहजीकरण गर्नु
   D) पाठ्यक्रमअनुसार पाठ्यवस्तु चयनमा सहयोग गर्नु
27. Terminal Performance Objective भन्नाले तलका मध्ये कुनलाई बुझाउँछ?
   A) पठनपाठनको अन्त्यमा विद्यार्थीले गर्ने कामको मापनयोग्य उद्देश्य
   B) प्रशिक्षार्थीले कक्षाकोठाभित्र गर्ने कार्यकलापको कार्यमूलक उद्देश्य
   C) प्रशिक्षकले तयार गर्ने पाठयोजनासँग सम्बन्धित शिक्षण विधिहरू
   D) पाठयोजनामा समावेश गरिने कार्यकलापको सूची
28. In the context of effective teaching, which type of knowledge involves understanding facts, concepts, principles, procedures and processes within a specific subject area?
   A) Pedagogical Knowledge
   B) Content Knowledge
   C) Technological Knowledge
   D) Contextual Knowledge
29. Which type of test item is most effective for measuring a student's ability to "Evaluate" or "Create" within Bloom's Taxonomy, despite being harder to grade objectively?
   A) True/False questions
   B) Matching items
   C) Extended-response essay questions
   D) Simple completion (fill-in-the-blank) items
30. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको प्रशिक्षकका पेशागत विशेषताभित्र कुन कुरा अत्यावश्यक <u>मानिँदैन</u>?
   A) प्राविधिक दक्षता
   B) शिक्षण सीप
   C) व्यावसायिकता
   D) अंग्रेजी भाषाको दक्षता
31. तलका मध्ये कुन ऐनले श्रमिकको पेशागत स्वास्थ्य तथा सुरक्षाको व्यवस्था गरेको छ?
   A) श्रम ऐन
   B) स्वास्थ्यसम्बन्धी ऐन
   C) वातावरण संरक्षण ऐन
   D) सामाजिक सुरक्षा ऐन
32. Which is <u>not</u> the characteristic of Competency Based Training-CBT?
   A) Outcome Based
   B) Self-paced Learning
   C) Fixed Assessment
   D) Flexibility
33. When designing a projected slide (like PowerPoint), what is the "6x6 Rule" commonly recommended by professional trainers?
   A) Limit each slide to 6 different ideas with less than or equal to 6 words per slide
   B) Limit each slide to 6 lines of text with 6 words per line
   C) Limit each slide to 6 lines of texts with no limit words per line
   D) Limit each slide to 6 lines of texts with more than or equal to 6 words per slide
34. In the CIPP Evaluation Model, which stage is primarily concerned with identifying the needs, assets and opportunities within a specific environment to define program goals?
   A) Input Evaluation
   B) Process Evaluation
   C) Context Evaluation
   D) Product Evaluation
35. उपलब्धि मूल्यांकन केसँग सम्बन्धित हुन्छ?
   A) प्रक्रिया
   B) योजना
   C) साधन स्रोत
   D) नतिजा

www.ctevtsolution.com

www.ctevtsolution.com



36. According to Kirkpatrick's model, which of the following represents a change in an employee's work style or job performance after training?
A) Level 1 : Reaction
B) Level 2 : Learning
C) Level 3 : Behavior
D) Level 4 : Results

37. Tyler's Goal Based Evaluation Approach को मुख्य विशेषताहरूमा तलका मध्ये कुन पर्दैन?
A) लक्ष्य केन्द्रित
B) पूर्वनिर्धारित उद्देश्य
C) मापनयोग्य परिणाम
D) स्वमूल्यांकन

38. Tyler's Goal Based Evaluation Approach ले कुन कुरामा जोड दिन्छ?
A) पूर्वनिर्धारित लक्ष्य प्राप्त गर्ने कुरामा
B) कार्यक्रमको प्रक्रियागत पक्षमा
C) लगानीको सुनिश्चिततामा
D) मूल्यांकनकर्ताको विवेकपूर्ण निर्णयमा

39. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको सन्दर्भमा निम्नमध्ये कुन शैक्षणिक योजना मात्र हो?
A) TVET ५ वर्षे रणनीतिक योजना
B) प्राविधिक शिक्षालयको वार्षिक कार्ययोजना
C) TVET तालीमसम्बन्धी आवधिक योजना
D) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् सुधार योजना

40. निम्नमध्ये कुन योजनामा समयको उल्लेख अनिवार्य हुँदैन?
A) सम्बन्धित विषयको पाठयोजना
B) सम्बन्धित विषय/शिक्षालयको शैक्षिक कार्यपात्रो
C) सम्बन्धित विषयको एकाइ योजना
D) शिक्षालय सुधार योजना

41. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्अन्तर्गत सञ्चालित कार्यक्रमको घोषित लक्ष्यअन्तर्गत देहायका मध्ये कुन पर्दछ?
A) सीपयुक्त नेपाल, समृद्ध जनता बनाउने
B) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको दिगो विकास गर्ने
C) देश विकासका लागि सीपयुक्त जनशक्ति तयार गर्ने
D) राष्ट्रिय व्यावसायिक योग्यता ढाँचा स्थापना गर्ने

42. सोह्रौं योजनाले शिक्षा तथा सीप विकासका लागि तय गरेको प्रमुख कार्यक्रम 'प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम' अन्तर्गतको कार्य देहायका मध्ये कुन हो?
A) राष्ट्रिय योग्यता प्रारूपको कार्यान्वयन गर्ने
B) शैक्षिक क्यालेण्डर तर्जुमा गरी कार्यान्वयन गर्ने
C) शैक्षिक सञ्जालको पहुँच स्थापित गर्ने
D) राष्ट्रिय योग्यता परीक्षणको व्यवस्था लागु गर्ने

43. प्राविधिक तथा व्यावसायिक शिक्षा तालीमको सम्बन्धमा शिक्षालय सञ्चालक समितिको मुख्य भूमिका के हो?
A) विद्यार्थीहरूको परीक्षा सञ्चालन गर्ने
B) शिक्षकहरूको नियुक्ति गर्ने
C) पाठ्यक्रम विकास र कार्यान्वयन गर्ने
D) समुदायसँग समन्वय कायम गर्ने

44. TVET को सन्दर्भमा देहायका मध्ये कुन क्रम सही छ?
A) शैक्षणिक योजना, शैक्षिक योजना, १६ औं योजना, वार्षिक योजना
B) १६ औं योजना, शैक्षिक योजना, वार्षिक योजना, शैक्षणिक योजना
C) शैक्षिक योजना, १६ औं योजना, वार्षिक योजना, शैक्षणिक योजना
D) शैक्षिक योजना, वार्षिक योजना, शैक्षणिक योजना, १६ औं योजना

45. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमसभा र परिषद्को अध्यक्षता देहायका मध्ये कसले गर्दछ?
A) प्रधानमन्त्री
B) शिक्षा तथा खेलकुद सचिव
C) शिक्षा तथा खेलकुद मन्त्री
D) राष्ट्रिय योजना आयोगको उपाध्यक्ष

46. स्वीकृत वार्षिक कार्यक्रम र बजेटमा परी एक वर्ष अवधिको प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्अन्तर्गतका शिक्षालयहरूको लागि प्रशिक्षक कसले छनौट गर्छ?
A) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को पदपूर्ति समिति
B) लोक सेवा आयोग
C) सम्बन्धित शिक्षालय प्रमुख
D) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को केन्द्रीय कार्यालय

क्रमशः

35. उपलब्ध मूल्यांकन कससँग सम्बन्धित हुन्छ?
A) प्रक्रिया
B) योजना
C) साधन स्रोत
D) नतिजा

CamScanner

www.ctevtsolution.com

www.ctevtsolution.com



Ctevtsolution.com

47. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्अन्तर्गतका शिक्षालयहरूको वार्षिक बजेट कसले स्वीकृत गर्छ?
    A) शिक्षालय प्रमुख
    B) शिक्षालय व्यवस्थापन समिति
    C) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को सदस्य सचिव
    D) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
48. हरित TVET को मुख्य उद्देश्य निम्नमध्ये के हो?
    A) परम्परागत कृषि र वन क्षेत्रको सम्बर्धन
    B) वातावरण संरक्षण र दिगो विकास
    C) TVET पाठ्यक्रममा कृषि र वन क्षेत्र बढाउने
    D) वैकल्पिक ऊर्जा स्रोतको उपयोग
49. तल उल्लेख गरिएका मध्ये कुन कार्य प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को जिम्मेवारीअन्तर्गत पर्दछ?
    A) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको विकास र विस्तार समय अनुकूल भए नभएको मूल्यांकन गर्ने
    B) प्राविधिक तथा व्यावसायिक तालीम केन्द्रको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने
    C) प्राविधिक तथा व्यावसायिक तालीम कार्यक्रमहरूको क्षेत्र र स्तर निर्धारण गर्ने
    D) परिषद्अन्तर्गतका निकायहरूमा कार्यरत कर्मचारीको व्यवस्थापन तथा सुपरिवेक्षण गर्ने
50. प्राविधिक शिक्षामा स्तर निर्धारण केसँग सम्बन्धित छ?
    A) गुणस्तर सुनिश्चितता B) पाठ्यक्रम निर्माण C) योग्यता निर्धारण D) संस्था सम्बन्धन

:: समाप्त ::

| उत्तरपुस्तिकामा KEY अनिवार्य रूपमा लेख्नुहोला । |
|---|

Ctevtsolution.com

www.ctevtsolution.com

CamScanner

www.ctevtsolution.com

लोक सेवा आयोग

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, प्राविधिक तथा प्रशिक्षण, अधिकृत द्वितीय, वरिष्ठ प्रशिक्षक पदको आन्तरिक तथा खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८३।०३।०३

पत्र : प्रथम
समय : २ घण्टा १५ मिनेट

पूर्णाङ्क : १००

## विषय : प्रशासन र व्यवस्थापन तथा सेवा सम्बन्धी

Ctevtsolution.com

विषयगत

समय : १ घण्टा ३० मिनेट

अङ्क : ५०

१. नेपालको संविधानमा संविधान संशोधन र जनमत संग्रहसम्बन्धी भएको संवैधानिक व्यवस्थाको विवेचना गर्नुहोस् । ३+२=५

२. नेपालमा संघ, प्रदेश र स्थानीय तहबिच समन्वय गर्ने कानूनी व्यवस्था कसरी मिलाइएको छ? चर्चा गर्नुहोस् । ५

३. संघीय संसदका समितिहरूले नेपालका संवैधानिक निकायहरूलाई थप जवाफदेही तुल्याउन कस्तो भूमिका खेलेको पाउनुहुन्छ? विवेचना गर्नुहोस् । ५

४. नेपालको सार्वजनिक क्षेत्रको कार्य संस्कृतिमाथि संक्षिप्त टिप्पणी प्रस्तुत गर्नुहोस् । ५

५. कुशल वार्ताकारमा हुनुपर्ने मुख्य वार्ता सीप (Negotiation Skills) के के हुन्? व्याख्या गर्नुहोस् । ५

६. नेपालमा सम्पत्ति शुद्धीकरण निवारण गर्न हालसम्म गरिएका प्रयासहरू के के हुन्? उल्लेख गर्दै अब यस दिशामा गर्नुपर्ने थप कार्यहरू के के देख्नुभएको छ? तार्किक उत्तर दिनुहोस् । २+३=५

७. नागरिक शिक्षाले सुशासन, जवाफदेहिता र पारदर्शिता बृद्धि गर्न कसरी मद्दत पुर्‍याउँछ? उदाहरणसहित विवेचना गर्नुहोस् । ५

८. नेपालको सन्दर्भमा ट्रेड युनियनको आवश्यकता र औचित्यमाथि टिप्पणी गर्नुहोस् । ५

९. राष्ट्रिय शिक्षा नीतिका सबल पक्षहरूको व्याख्या गर्नुहोस् । ५

१०. भ्रष्टाचार निवारण ऐन, २०५९ ले व्यवस्था गरेको राष्ट्रिय सतर्कता केन्द्रको सान्दर्भिकता सम्बन्धमा आफ्नो धारणा प्रस्तुत गर्नुहोस् । ५

:: समाप्त ::

Ctevtsolution.com

www.ctevtsolution.com